# पाठ ८ छोराछोरीहरूको कर्तव्य

आज्ञाकारिताको विषयमा परमेश्वरको वचनले दिएको महत्त्वपूर्णताको बारेमा विचार गर्दा, "छोराछोरी हो, आफ्ना आमा-बाबुको आज्ञा पालन गर" भनी बाइबलमा छोराछोरीलाई दिइएको आज्ञा भेट्टाउनु अनौठो कुरा होइन। बालकले सिक्न सक्ने सबैभन्दा महत्त्वपूर्ण पाठचाहिँ अधिकारलाई आदर गर्नु हो। र यो पाठचाहिँ घरमा नै शुरू हुन्छ।

हाम्रा सिद्ध उदाहरण येशूले स्वर्गीक पिताप्रतिको आफ्नो आज्ञाकारिताद्वारा सबै मानव-जातिका लागि उद्धार उपलब्ध गरिदिनुभयो। पितालाई प्रसन्न तुल्याउने कामलाई नै परमेश्वरका पुत्रले सधैँ गर्नुभयो, (योआनेस ८:२९), र उहाँले पृथ्वीका आफ्ना आमा-बाबुबाट नै सबैभन्दा *पहिले* आज्ञाकारिता सिक्नुभयो (लूकास २:५१)।

सिरियामा बन्दी बनाएर लगिएकी इस्राएलकी एक सानी कमारीले परमेश्वरको शक्तिको साक्षी दिई, जसको फलस्वरूप



सिरियाली कप्तान कुष्ठरोगबाट निको भएका थिए। त्यस जवान केटीले इस्राएलको आफ्नो घरमा नै आफ्ना आमा-बाबु र परमेश्वरको आज्ञा पालन गर्न सिकेकी थिई।

छोराछोरीले आज्ञाकारिता सिक्नुपर्ने कारणहरूलाई हामी यस पाठमा विचार गर्नेछौं। अधिकारलाई आदर गर्न सिक्ने र अधिकारलाई आदर नगर्नेहरूका जीवनमा पर्ने केही दीर्घकालिन प्रभावहरूका बारेमा पनि हामी केही हेर्नेछौं।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

आफ्ना आमा-बाबुको आदर र आज्ञा पालन गर्नु
आफ्ना आमा-बाबुलाई सहायता गर्नु
परमेश्वरलाई प्रेम र आदर गर्नु र उहाँको आज्ञा पालन गर्नु।

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- आफ्ना आमा-बाबुप्रति भएको छोराछोरीहरूको जिम्मेवारी-हरूका निम्ति बाइबलको आधार दिन र वर्णन गर्न।
- छोराछोरीले आफ्ना आमा-बाबुका आज्ञापालन गरेनन् भने को जिम्मेवारी हुन्छ सो बाइबलबाट प्रदर्शित गर्न।

- अधिकारप्रति भएको छोराछोरीको प्रवृत्तिको लामो असर घरबाहिर पनि हुन्छ भनी व्याख्या गर्न।

---

**आफ्ना आमा-बाबुको आदर र आज्ञा पालन गर्नु।**

---

## किनभने परमेश्वरले यो आज्ञा दिनुभएको छ

प्रस्थान २० अध्यायमा भएका दश आज्ञाहरूमध्ये पाँचौं आज्ञाचाहिँ छोराछोरी (केटाकेटी)-का लागि हो, र प्रतिज्ञासहितको आज्ञा यही मात्र हो। येशूले यसलाई दोहो-याउनुभयो (मतियोस १५:४ हेर्नुहोस्), र प्रेरित पौलसले पनि आफ्नो शिक्षामा यसलाई उद्धृत गरेः

> छोराछोरी हो, प्रभुमा आफ्ना आमा-बाबुको आज्ञा पालन गर, किनकि यो उचित हो। *"आफ्ना बाबु र आमाको मान गर।"* (जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो), कि तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ (एफिसी ६:१-३)।

आफ्ना आमा-बाबुको आज्ञा पालन गरेर छोराछोरीले उनीहरूप्रति आफ्नो आदर देखाउँछन्। जब-जब बालकले अनादरसाथ आफ्ना आमा-बाबुसँग बोल्छ, उसलाई गर्नू भनिएको काम गर्न इन्कार गर्छ, ऊसँग कुरा गर्दा आमा-बाबुको वास्तै गर्दैन, वा अनुशासन गर्दा उल्टो झगड़ा गर्छ भने उसले दश आज्ञामध्ये एउटा आज्ञालाई भङ्ग गरेको हुन्छ।

पुरानो करार समयमा आमा-बाबुको आज्ञा पालन नगर्नु ठूलो पाप सम्झिन्थ्यो र यसो गर्नेलाई मृत्युदण्ड पनि दिन सकिन्थ्यो। सरकारले यस्तो कड़ा दण्डलाई स्थापित गरी समाजलाई धम्की दिने अनाज्ञाकारी आत्मा र व्यवस्थाहीनको फैलावटलाई निरुत्साहित गरेको छ।

यदि सबै छोराछोरीले आफ्ना आमा-बाबुको आदर गरी आज्ञापालन गरे भने व्यवस्था भङ्ग गर्ने र अपराध गर्नेहरू थोरै मात्र हुनेछन्। बुद्धिमान् छोरा र छोरीहरूले आफ्ना आमा-बाबुका आज्ञा पालन गर्न मन पराउँछन् र आफ्नो जीवनबाट उनीहरूलाई खुशी तुल्याउँछन्। "बुद्धिमान् छोराले आफ्ना बाबुलाई खुशी तुल्याउँछ, तर मूर्ख छोराले आफ्नी आमालाई पिरोल्छ" (हितोपदेश १०:१)।

आफ्ना आमा-बाबुको अधिकारलाई आदर नगर्नेहरूले अरू कसैलाई पनि आदर गर्दैनन्। छोराछोरीहरू जवान भएर वैधानिक उमेरमा नपुगुन्जेलसम्म परमेश्वरको व्यवस्था र देशको कानूनले आमा-बाबुलाई तिनीहरूमाथि अधिकार दिन्छ। तर पनि कुनै व्यक्ति उमेरमा पुगेर आफ्नो जीवन आफै चलाउन र आफ्नै निर्णयहरू बनाउन सक्षम भएपछि आफ्ना आमा-बाबुको भन्दा परमेश्वरको अधिकारमा रहे तापनि, उसले आफ्ना आमा-बाबुलाई जहिले पनि आदर गर्नैपर्छ।

### तपाईंको अभ्यासको निम्ति

**१** एफिसी ६:१-३ कण्ठ गर्नुहोस्।

**२** छोराछोरीलाई दिइएको आज्ञा धेरै महत्त्वपूर्ण छ भनी हामीलाई कसरी थाहा हुन्छ? तपाईंको उत्तरको निम्ति आफ्नो अभ्यास-पुस्तिका प्रयोग गर्नुहोस्।

**३** **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क** आफू बालक हुँदा अधिकारको आदर नगर्ने छोराछोरी नै प्रायःजसो पछि गएर अपराध गर्ने व्यक्तिहरू बन्छन्।

**ख** कुनै व्यक्ति जवान अवस्थामा पुगिसकेपछि उसले पाँचौं

आज्ञा उल्लङ्घन गर्नै सक्दैन।

ग आफ्ना आमा-बाबुको आदर र आज्ञा पालन नगर्ने छोराछोरीसँग परमेश्वर अति नै अप्रसन्न हुनुहुन्छ।

**तिनीहरूको प्रेम र हेरचाहाको कारण**

जब परमेश्वरले छोराछोरी दिएर घरलाई आशिष् दिनुहुन्छ, आमा-बाबुले तिनीहरूलाई प्रेमी हेरचाहा दिएको उहाँ चाहनुहुन्छ। संसारमा बालक जन्माउँदा स्त्रीलाई ठूलो कष्ट हुन्छ। आफ्ना छोराछोरीको खाँचो पूरा गर्नका लागि धेरै आमा-बाबुले आफ्नो आवश्यकताको पनि वास्तै गर्दैनन्।

आमा-बाबुले आफूले सकेसम्म आफ्ना छोराछोरीलाई अगुवाइ गरेको परमेश्वर चाहनुहुन्छ। यसरी आफ्ना आमा-बाबुसँग मिलापमा रहँदा, छोराछोरीहरू परमेश्वरसँगको मिलापमा रहन्छन्। परमप्रभुले अब्राहामको बारेमा यसो भन्नुभयो,

> "किनभने त्यसले आफ्ना छोराछोरीहरू र घरानालाई धर्म र न्याय गरेर परमप्रभुको मार्ग पालन गर्नलाई आज्ञा दिओस् भनेर मैले त्यसलाई छानेको छु। यसैले नै परमप्रभुले अब्राहामसित गर्नुभएको प्रतिज्ञा पूरा गरिदिनुहुनेछ" (उत्पत्ति १८:१९)।

के कुरामा छोराछोरीहरू आमा-बाबुप्रति ऋणी छन्? जीवनको वरदान, खानेकुरा, लुगाफाटा, वास र शिक्षा जुटाउनका लागि आमा-बाबुले गरेका कामका लागि तिनीहरूले के दिन सक्छन् त? आमा-बाबुको प्रेम र हेरचाहाको निम्ति छोराछोरीले तिनीहरूलाई *धन्यवाद* भन्ने उत्तम तरीकाचाहिँ तिनीहरूप्रतिको प्रेम, आदर र आज्ञाकारिता नै हो।

आफ्ना छोराछोरीले अझै सामना गर्नुपर्ने धेरै अनुभवहरूलाई आमा-बाबुले बटुलिसकेका हुन्छन्। तिनीहरूले कहिलेकहीँ

बालकका समस्याहरूलाई उसले भन्दा बढ़ी बुझ्छन्, र तिनीहरूले महत्त्वपूर्ण सहायता र सल्लाह दिन सक्छन्। परिवारमा आफूभन्दा बलिया व्यक्तिहरू छन् भन्ने कुरा छोराछोरीहरूले बुझ्नु आवश्यक छ।

आफ्ना बाबु-आमा गरीब र अशिक्षित भएका कारणले कोही-कोही जवानहरूले तिनीहरूलाई आदर गर्दैनन्। हुन सक्छ, तिनीहरूका आमा-बाबुले अरूहरूले जस्तो लुगा लगाउन जान्दैनन्, र संसारका समस्याहरूलाई पनि बुद्धिमान् ढङ्गले छलफल गर्न असक्षम हुन्छन्। तर यी आमा-बाबुले आफ्ना छोराछोरीहरूको जीवन असल होस् भनेर उनीहरूका लागि धेरै थोक दिन चाहेका कारणले नै, तिनीहरूले आफूलाई थोरै राखेका हुन सक्छन्। तिनीहरूले नथाकी र गनगन नगरीकन आफ्नो समय, रुपियाँपैसा, र बल दिएका हुनाले आफ्ना छोराछोरीको प्रेम र आदरको योग्य उनीहरू हुन्छन्। जुनसुकै कारणले भए तापनि आफ्ना आमा-बाबुसँग निर्दयी व्यवहार गर्ने छोराछोरीले उनीहरूलाई मात्र दुःखित पार्दैनन्, तर आफैलाई दुःखमा पार्छन्। "दयालु हुनाले मानिसको आफ्नै हित हुन्छ, तर निर्दयी मानिसले आफैमाथि संकष्ट ल्याउँछ" (हितोपदेश ११:१७)।

*घरलाई आनन्दित बनाउनु* भनिने आफ्नो पुस्तकमा आर.टी. क्रसले भनेका छन्:

> हामीले परमेश्वरलाई प्रेम गर्नैपर्ने दुइ कारणहरू छन्: पहिलो, विश्वमा भएको उहाँको स्थानको कारण; दोस्रो, उहाँको प्रेमिलो र प्रेमयोग्य चरित्रको कारण।
>
> हाम्रा शासकहरूलाई आदर गर्नुपर्ने दुइ कारणहरू छन्: पहिलो, तिनीहरूले पाएको स्थानको कारण; दोस्रो तिनीहरूका चरित्रहरूका कारण, यदि तिनीहरूका चरित्रहरू असल छन् भने...

हाम्रा आमा-बाबुलाई आदर गर्नुपर्ने, दुइ कारणहरू छन्: पहिलो, हाम्रा स्वाभाविक संरक्षक, शासक र पालनपोषणकर्ताका रूपमा तिनीहरूले पाएको स्थानको कारण; र दोस्रो, हाम्रो निम्ति भएको तिनीहरूको प्रेम, तिनीहरूमा भएको भलाइ र तिनीहरूले हाम्रा निम्ति गरेका जस्तोसुकै असल कामको कारण।

हामी हाम्रा आमा-बाबुप्रति ऋणी भएका प्रेममा सबै जिम्मेवारीहरू समावेश गरिएको छ। आमा-बाबुलाई प्रेम नगरीकन हामी उनीहरूलाई आदर गर्न सक्दैनौं, वा उहाँहरूलाई आदर नगरीकन प्रेम पनि गर्न सक्दैनौं।

**तपाईंको अभ्यासको निम्ति**

**४** १ तिमोथियस ३:४ पढ्नुहोस्। बाबुको कस्तो जिम्मेवारीलाई यहाँ उल्लेख गरिएको छ? ........................................

..................................................................

**५** छोराछोरीले आफ्ना आमा-बाबुको आज्ञा पालन गरेनन् भने कसलाई दुःख लाग्छ? ........................................

..................................................................

## आमा-बाबुको निम्ति भएको प्रेमको कारण

आफ्ना आमा-बाबुलाई प्रेम गर्ने छोराछोरीले तिनीहरूलाई खुशी पार्न चाहन्छन्। परमेश्वरले भन्नुभएका कुराहरूको आज्ञापालन गर्न कहिलेकहीँ हामीलाई कठिन पर्छ, तर उत्तम कुरा जान्नका लागि हामीले उहाँमा भरोसा गर्न सिक्नैपर्छ। आफ्नो निम्ति के असल छ भनी जान्नका लागि छोराछोरीले

पनि आफ्ना आमा-बाबुकहाँ भरोसा गर्न सिक्नुपर्छ, किनकि परमेश्वरले आमा-बाबुलाई उनीहरूका छोराछोरीमाथि अधिकारको यो स्थान दिनुभएको छ। आफू परमेश्वरका पुत्र हुनुभए तापनि यसको निम्ति येशू सिद्ध उदाहरण हुनुहुन्छ, किनकि उहाँले पृथ्वीका आफ्ना आमा-बाबुको आज्ञा पालन गर्नुभयो। "तब उहाँ तिनीहरूसँग नासरत जानुभयो, र तिनीहरूका आज्ञाकारी भई बस्नुभयो" (लूकास २:५१)।

*घरलाई आनन्दित बनाउनु* भनी लेखिएको माथिको खण्डलाई फेरि पढ्नुहोस्।

**तपाईंको अभ्यासको निम्ति**

**६** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क** सधैंभरि परमेश्वरको आज्ञा पालन गर्न सजिलो छैन, तर यदि हामी उहाँलाई प्रेम गर्छौं भने, उहाँलाई खुशी तुल्याउन चाहन्छौं।

**ख** येशू परमेश्वरका पुत्र हुनुभएका कारणले पृथ्वीका आफ्ना आमा-बाबुको आज्ञा पालन गर्न उहाँका लागि आवश्यक थिएन।

**ग** आमा-बाबुलाई प्रेम नगरीकनै छोराछोरीले तिनीहरूलाई आदर गर्न सक्छन्।

## आफ्ना आमा-बाबुलाई सहायता गर्नु

### घरमा सहायता

आफ्ना छोराछोरीहरूलाई पालनपोषण गर्ने जिम्मेवारी आमा-बाबुहरूको हो भने, घरको काममा छोराछोरीहरूले सघाउन

सक्छन्। बालकको तालीमको यो महत्त्वपूर्ण पक्ष हो– बालकले गर्न सक्ने काम गर्नका लागि उसलाई मौका दिनुपर्छ। बालकलाई काम गर्न सिकाउँदा अनुभव गर्नुपर्ने दुःखपूर्ण प्रक्रिया र कठिनाइद्वारा भएर जानुभन्दा धेरै पल्ट आमा-बाबुले त्यो काम आफै गरिदिन्छन्। धेरै फुर्सतको समय पाएका र घरमा जिम्मेवारी लिन नसिकाइएका केटाकेटीहरू नै पछि गएर अधिकारको विरुद्धमा विद्रोह गर्ने व्यक्तिहरू बनेका छन्। सानो बालकलाई खेल्ने समय धेरै चाहिन्छ, तर ऊ वृद्धि हुँदै र जवान हुँदै जाँदा उसको काम पनि त्यही औसतमा बढ़ाउनुपर्छ।



परिवारको सदस्यको हैसियतले उसले काम गर्न सिकेको छ भने, जवान भएपछि जिम्मेवारीहरू बहन गर्न त्यस व्यक्तिलाई धेरै सजिलो पर्छ। जवान व्यक्तिहरू घर बाहिर कुनै पेशामा लागेका छन् भने, उनीहरूले कमाएको रुपियाँपैसाले घर चलाउने खर्चमा सहायता पुग्न सक्छ। कोही-कोही जवान व्यक्तिहरूले आफ्नै लुगाफाटा र स्कूलका आवश्यक सरसामान किन्न सकेका छन् र यसरी तिनीहरूले आफ्ना आमा-बाबुका आर्थिक भारलाई हलुको पारेका छन्।

**तपाईंको अभ्यासको निम्ति**

७ घरमा छोराछोरीको कामको बारेमा भएको सबैभन्दा ठीक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क** यदि घरमा सहायता पुऱ्याउनको निम्ति आमा-बाबुले आफ्ना छोराछोरीलाई तालीम दिएनन् भने, यसको अर्थ यही नै हुन्छ कि तिनीहरू आफैले धेरै काम गर्नुपर्छ।

**ख** काम गर्न र खेल्न सिक्दै बढ्ने छोराछोरीले बुद्धिमान्पूर्वक फुर्सतको समय प्रयोग गर्न सिकेका हुन्छन् र जवान हुँदा जिम्मेवारी कसरी बहन गर्नुपर्छ भन्ने कुरा पनि जानेका हुन्छन्।

**ग** एउटा बालकलाई भन्दा अर्कोलाई बढ़ी प्रेम नदेखाउनको निम्ति आमा-बाबुले आफ्ना सबै छोराछोरीलाई उत्ति नै खेल्ने र काम गर्ने समय दिनुपर्छ।

**वृद्ध आमा-बाबुको हेरचाहा गर्नु**

आफ्नो उमेर वा रोगको कारण आमा-बाबुले आफ्नो हेरचाहा आफैले गर्न सकेनन् भने, तिनीहरूको हेरविचार गर्ने जिम्मेवारी छोराछोरीकै हो। तिनीहरूले आमा-बाबुलाई आफ्नै घरमा लगेर, वा तिनीहरूका निम्ति अन्य आवश्यकीय प्रबन्धहरू मिलाएर यस जिम्मेवारीलाई बहन गरी तिनीहरूलाई आफ्नो प्रेम र कृतज्ञता देखाउन सक्छन्।



आफू क्रूसमा मरिरहँदा, कष्टको घड़ीमा पनि येशूले आफ्नी आमालाई सम्झनुभयो। उहाँले आफ्नो चेला योआनेसको हेरचाहामा तिनलाई सुम्पिदिनुभयोः

जब येशूले आफ्नी आमालाई र उहाँले प्रेम गर्नुभएका चेला नजीकमा उभिरहेका देख्नुभयो, तब उहाँले आफ्नी आमालाई भन्नुभयो, "नारी, हेर्नुहोस्, तपाईंको छोरो।" तब त्यस चेलालाई पनि उहाँले भन्नुभयो, "हेर तिम्री आमा!" त्यस बेलादेखि त्यस चेलाले उनलाई आफ्नै घरमा लगे (योआनेस १९:२६-२७)।

**तपाईंको अभ्यासको निम्ति**

**८** येशूले आफ्नी आमासँग गर्नुभएको व्यवहारको उदाहरणद्वारा तपाईंले के सिक्नुभयो? तपाईंको आफ्नो उत्तरलाई अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

## परमेश्वरलाई प्रेम र आदर गर्नु र उहाँको आज्ञा पालन गर्नु

### येशूलाई मुक्तिदाताका रूपमा ग्रहण गर्नु

कलिलो उमेरमा नै छोराछोरीले परमेश्वरलाई प्रेम र आदर गर्न र उहाँको आज्ञा पालन गर्न सिक्नैपर्छ। आफ्ना पापहरूबाट पश्चात्ताप गरी येशूलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गर्नका लागि तिनीहरू जवान नहुन्जेलसम्म पर्खनु पर्दैन। यस भनाइलाई यी पदहरूले पनि पुष्टि गरेका छन्। "आफ्नो युवावस्थामा आफ्ना सृष्टिकर्ताको सम्झना गर्" (उपदेशक १२:१)। येशूले भन्नुभयो, "साना बाल-बालिकाहरूलाई मकहाँ आउन देओ, तिनीहरूलाई नरोक, किनभने परमेश्वरको राज्य यस्तैहरूको हो" (मर्कूस १०:१४)।

जब बालक आफूले पाप गरेको कुरालाई बुझ्न सक्ने हुन्छ, ऊ उद्धार पाउने उमेरमा पुगिसकेको हुन्छ। उमेर पुगेका

छोराछोरीले पश्चात्तापको सही प्रमाण देखाए भने, तिनीहरूलाई बप्तिस्मा दिइनुपर्छ। एक व्यक्तिले जतिसक्दो चाँड़ो आफ्नो जीवनमा ख्रीष्टको निम्ति निर्णय बनाउँछ, त्यो अति उत्तम हुन्छ, किनकि उमेर बित्दै जाँदा आफ्ना पुराना कामहरूलाई त्यागी ख्रीष्टलाई ग्रहण गर्न उसको लागि कठिन बन्दैजान्छ।

**तपाईंको अभ्यासको निम्ति**

६ आफ्ना मुक्तिदाताका रूपमा ख्रीष्टलाई ग्रहण गर्ने सबैभन्दा उत्तम समय कुन हो? ..............................................

## परमेश्वरलाई आराधना गर्नु

"परमेश्वरको निम्ति कसैले गरेको प्रेमको प्रकट"-लाई *आराधना* भनिन्छ। उहाँलाई प्रेम गर्छौं भनेर, भजनमा उहाँलाई प्रशंसा गरेर, उहाँका आशिष्हरूका निम्ति उहाँलाई धन्यवाद दिएर, र प्रार्थनामा उहाँसँग कुरा गरेर परमेश्वरको निम्ति भएको आफ्नो प्रेमलाई मानिसहरूले प्रकट गर्छन्। परमेश्वरको घरमा जानु, एकैसाथ परमेश्वरको वचनबाट सिक्नु, पवित्र आत्मा हृदयमा बोल्नुहुँदा उहाँप्रति सचेत हुनु आराधनाका कार्यहरू नै हुन्। अरू मानिसहरू पनि ख्रीष्टमा आउन सकून् भन्ने हेतुले आराधनामा रुपियाँपैसा, समय र प्रयास दिने कुरा पनि समावेश गरिएको छ।

घरमा हुने पारिवारिक आराधनामा र आफ्ना आमा-बाबु, दाजु-भाइ र दिदी-बहिनीसँग परमेश्वरको घरमा केटाकेटीहरूले आफूलाई आराधना गरेका परमेश्वर चाहनुहुन्छ। बाइबलमा उल्लेख गरिएका धेरै महत्त्वपूर्ण व्यक्तिहरूले आफू बालकै हुँदा परमेश्वरलाई आराधना गर्न र उहाँको सेवा गर्न सिकेका थिए।

तिनीहरूमध्ये मोशा, दानियल, शमूएल र तिमोथियस हुन्। आफ्ना आमा-बाबु सँगसँगै छोराछोरीहरू पनि परमेश्वरको घरमा जानुपर्छ। "यसरी सारा यहूदा, तिनीहरूका अधीनमा रहेका मानिसहरू, तिनीहरूका पत्नीहरू र तिनीहरूका बालकहरू-समेत त्यहाँ परमप्रभुको सामुन्ने खड़ा भए" (२ इतिहास २०:१३)।



"दाऊदका पुत्रलाई प्रशंसा" भनी केटाकेटीहरूले मन्दिरमा कराएको सुन्दा धार्मिक अगुवाहरू रिसाएका थिए। केटाकेटीहरूले के भन्दैछन् भन्ने कुरा येशूले सुन्नुभयो कि भनी तिनीहरूले उहाँसँग प्रश्न गरे। "हो सुन्दैछु" भनी येशूले जवाफ दिनुभयो। "के तिमीहरूले धर्मशास्त्र पढ़ेका छैनौं? शिशुहरू र दूधे-बालकहरूका ओठबाट तपाईंले पूर्ण प्रशंसा निकाल्नुभएको छ" (मतियोस २१:१६)।

### तपाईंको अभ्यासको निम्ति

**१०** प्रत्येक **ठीक** बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्।

**क** आराधनाद्वारा परमेश्वरको निम्ति भएको हाम्रो प्रेमको

प्रकट परमेश्वरको घरमा मात्र हुन्छ।

**ख** हामी विभिन्न तरीकाले आराधना गर्छौं, जस्तै, प्रार्थनामा, भजनमा, दिएर, परमेश्वरको वचनको अध्ययन गरेर।

**ग** आराधना भनेको शब्दहरूद्वारा परमेश्वरलाई प्रशंसा र धन्यवाद दिने काम हो, उहाँले हाम्रा निम्ति गर्नुभएका कामहरूलाई शब्दहरूमा वर्णन गरिन्छ।

## परमेश्वरलाई पहिलो स्थान दिनु

आफ्ना छोराछोरीको जीवनमा आफूले पहिलो स्थान पाएको परमेश्वर चाहनुहुन्छ, किनकि तिनीहरूका निम्ति उहाँले सबै थोक जुटाउनुभएको छ। "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर" (मतियोस ६:३३)।

हरेक ख्रीष्टियानको जीवनमा यस्तो समय पनि आउँछ, जहाँ परमेश्वरलाई पहिलो स्थान दिँदा जीवनमा ठूला समस्याहरू पनि खड़ा हुन सक्छन्। छोराछोरीहरू ख्रीष्टियान भएर आमा-बाबुहरू ख्रीष्टियान नहुँदा कुनै घरहरूमा कठिनाइहरू खड़ा हुन्छन्। तरै पनि छोराछोरीहरूलाई आफ्ना आमा-बाबुको आज्ञा पालन गर्नुपर्ने आज्ञा दिइएको छ। परमेश्वरले आमा-बाबुलाई आफ्ना छोराछोरीहरूमाथि अधिकार दिनुभएको छ, र तिनीहरूलाई सिकाउने, अनुशासित गर्ने र प्रेम गर्ने जिम्मा पनि आमा-बाबुलाई नै दिइएको छ।

आमा-बाबुहरू ख्रीष्टियान नहुँदा जस्तोसुकै विरोध आए तापनि तिनीहरूका छोराछोरीले तिनीहरूप्रति साँचो ख्रीष्टियान प्रेम प्रकट गर्नुपर्छ र आफ्ना आमा-बाबुलाई लगातार रूपमा आदर र सम्मान गर्नेपर्छ। विभिन्न विषयमा आफूमाथि भएको आमा-बाबुको अधिकारको सम्बन्धमा विश्वासीले प्रार्थनामा परमेश्वरको अगुवाइलाई खोज्नुपर्छ। मानविक किसिमले समाधान

नपाइएका विभिन्न समस्याहरूलाई परमेश्वरले ठीक किसिमले समाधान गर्नुहुनेछ।

> परमेश्वरमा भरोसा राख्ने र उहाँको आज्ञा पालन गर्ने आफ्नो बालकलाई उसको जीवनका सबै अवस्थाहरूमा अगुवाइ गर्नका लागि परमेश्वरले दिनुभएका धेरै अचम्मका प्रतिज्ञाहरूमध्ये दुइवटा तल दिइएका छन्। मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सकछौ (१ कोरिन्थी १०:१३)।

> आफ्ना सारा हृदयले परमेश्वरमा भरोसा राख्... आफ्ना सारा मार्गमा उहाँलाई सम्झी, र उहाँले तेरा मार्गहरू सोझा तुल्याइदिनुहुनेछ (हितोपदेश ३:५-६)।

### तपाईंको अभ्यासको निम्ति

**११** हरेक ख्रीष्टियानले आफ्नो जीवनमा सामना गर्नु नै पर्ने समस्या के हो?

..................................................................

..................................................................

**१२** समस्याको समाधान गर्नका लागि उसले के गर्नैपर्छ?

..................................................................

**१३** १ कोरिन्थी १०:१३ कण्ठ गर्नुहोस्।

# टिप्पणीहरू

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

७ ख. काम गर्न र खेल्न सिक्दै बढ्ने छोराछोरीले...

१ एफिसी ६:१-३-लाई कण्ठ गरी अर्को व्यक्तिको अगाड़ि मुखस्थ भन्नुहोस्।

८ तपाईंका उत्तर। मचाहिँ यसो भन्छु, आफू मरिरहेको बेलामा, यदि येशूले आफ्नी आमाको हेरचाहाको निम्ति त्यति ठूलो प्रेम र सरोकार देखाउनुभयो भने, हाम्रा आमा-बाबुप्रतिको यस जिम्मेवारीबाट हामी कहिल्यै अलग हुन सक्दैनौं।

२ तपाईंको उत्तर पनि मेरोजस्तै हुन सक्छ। यो परमेश्वरबाटको आज्ञा हो; यसलाई बाइबलमा कम-से-कम तीन पल्ट उल्लेख गरिएको छ; प्रतिज्ञासहितको आज्ञा यही मात्र हो। आमा-बाबुप्रति अनाज्ञाकारी हुनेलाई पुरानो करारमा कड़ा दण्ड दिइन्थ्यो।

९ कलिलै उमेरमा

३ क. ठीक
ख. बेठीक
ग. ठीक

१० क. बेठीक
ख. ठीक
ग. बेठीक

४ उसले आफ्नो घर राम्ररी चलाउन सक्नुपर्छ र आफ्ना छोराछोरीहरूलाई आदरपूर्वक आज्ञा पालन गर्ने बनाउनुपर्छ।

११ आफूमाथि भएको अधिकारको सम्बन्धमा ख्रीष्टियान विचारहरू, भिन्नाभिन्नै भएको उसले भेट्टाउँछ।

५ तपाईंको उत्तर। मचाहिँ यसो भन्छुः तिनीहरूलाई प्रेम गर्नुहुने परमेश्वरलाई यसले दुःखित पार्छ; तिनीहरूलाई प्रेम गर्ने आमा-बाबुलाई यसले दुःखित पार्छ; र छोराछोरीहरू आफैले आफैलाई दुःखित पार्छन्।

१२ अगुवाहरूको निम्ति प्रार्थनामा परमेश्वरलाई खोज्नु।

६ **क**. ठीक
**ख**. बेठीक
**ग**. बेठीक

तपाईंले कण्ठ गर्नुभएको पदलाई अर्को व्यक्तिको अगाड़ि मुखस्थ भन्नुहोस्।

